एघार

# विविध बालपुस्तक

## अग्निबहादुर क्षेत्री

### *१. नेपाली आदि पाठ*

प्रकाशक-नवीन प्रकाशन, डिगबोई, आसाम, भारत; मुद्रक-आर्यभूषण प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९५८ इ.; तेस्रो संस्करण-१९६१ इ., पृष्ठ-२३+१५=३८, मूल्य-५० नयाँ पैसा (भारु); चित्र-केशव दुवाडी ।

यस कृतिमा वर्णपरिचय, मात्रा परिचयपछि विविध सामग्री राखिएका छन् । राखिएका सामग्रीका शीर्षक-मुसो र बिरालाको खेल, वनभोज (कविता), शिक्षा, पाठशाला (संवाद), उपदेश, खुसियाली (कविता) छन् । यो कृति असमका नेपाली बालबालिकाका लागि पाठ्यबालसाहित्यका रूपमा रचना गरिएको हो ।

## अनन्तप्रसाद वाग्ले

### *१. हामी साना छँदा*

प्रकाशक-मधु राई, विराटनगर; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-५२+१०=६२, मूल्य-रु.७०।-; चित्र-नभएको; सम्पादन-मधु राई ।

विभिन्न प्रसिद्ध व्यक्तिको बाल्यकालको संस्मरण । प्रकाशित सामग्रीमा देवकुमारी थापा, कृष्णप्रसाद पराजुली, भैरव रिसाल, अङ्गुरबाबा जोशी, इन्द्रबहादुर राई, लक्ष्मण राजवंशी, साधना अधिकारी, मोदनाथ प्रश्रित, अम्बर गुरुङ, गीताकेशरी, हुलासचन्द्र गोल्छा, डा.तारानाथ शर्मा, सरस्वती राई, परशु प्रधान, बैरागी काइँला । **कान्तिपुर** दैनिकको कोपिलामा 'सानो छँदा' स्तम्भमा प्रकाशित सामग्रीमध्ये छानिएका १५ रचना यसमा सङ्गृहीत छन् । सम्बन्धित व्यक्तिसँगको कुराकानीका आधारमा अनन्तप्रसाद वाग्लेबाट तयार गरिएको यो कृति रोचक र उपयोगी छ । यसबाट सम्बन्धित व्यक्तिको बाल्यकाल आत्मसंस्मरणका रूपमा बालबालिकाले पढ्न पाउँछन् ।

## अभय बुढाथोकी

### *१. बाल स्वरलहरी*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस; पहिलो संस्करण-२०६२, पृष्ठ-९२, मूल्य-रु.४५।-; चित्र-नभएको ।

यस पुस्तकमा विद्यार्थीहरूका पाठ्यक्रमका कक्षागत गीतहरूका अतिरिक्त बालअधिकारका गीत, केही राष्ट्रिय गीत एवम् केही पश्चिमेली सङ्गीतका स्वरलिपिहरू दिइएका छन् । यसबाट सङ्गीत सिक्न चाहने बालबालिकालाई निकै सहयोग पुग्ने देखिन्छ । यस पुस्तकमा वरिष्ठ गीतकारका केही गीत पनि राखिएका छन् ।

## उत्तम उप्रेती

### *१. घरघरमा विज्ञान (सम्पा.)*

प्रकाशक-सम्पर्क प्रकाशन समूह; मुद्रक-जयगुरु गणेश प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-४०, मूल्य-रु.१५।-; कला-राजवंशी पवन ।

बालबालिकालाई विज्ञानसम्बन्धी ज्ञान सजिलो तरिकाले दिने उद्देश्यले यो कृति तयार गरिएको हो । कृतिका माध्यमबाट एकातिर उनीहरूले विषयगत जानकारी पाउँछन् भने अर्कोतिर विज्ञानप्रति उनीहरूको अभिरुचि जगाउन पनि यो कृतिले थप मद्दत गर्ने देखिन्छ ।

## उदयराज शास्त्री

### *१. बालसाहित्य-५*

प्रकाशक-सगरमाथा प्रकाशन; मुद्रक-केशव मुद्रणालय, वाराणसी कैण्ट; पहिलो संस्करण-२०२४, पृष्ठ-४६+४=५०, मूल्य-रु.१।९०; चित्र-अनुल्लिखित ।

गद्य र पद्यसहितका पच्चीस सामग्री । शीर्षक-साहित्यसुधा, नेपाल र यहाँका बासिन्दा, हाम्रा साहित्यका तीन तारा, प्रभात, वीर अमरसिंह थापा, वादविवाद, सन्ध्या सौन्दर्य, पञ्चायती प्रजातन्त्र, राष्ट्रिय झन्डा, खोलो आयो, पत्रपत्रिका, सार्कीको सराव-आफैँलाई अफाप, माहुरीको गोला, म्यूजियम, पुस्तकालय, वन, समुद्रको आत्मकथा, धरहरा, सूर्य, काठमाडौँ, डाँफे, हाम्रो घर, स्वर्गको बाटो, रेडियो, बोल्ने को हो ? । कक्षा ५ का निमित्त तयार गरिएको पुस्तक । लेखक तथा सम्पादक भनिएको । अध्यायको अन्त्यमा प्रश्न पनि राखिएको ।

“यो पुस्तक...नयाँ पाठ्यक्रमअनुसार लेखिएको हो । यसमा रमाइला कुराका साथै ज्ञानको पुष्टकारी चखाउने मुख्य उद्देश्य लिइएको छ ।” (लेखकीय, *दुई शब्द*)

## उषा दीक्षित

### *१. फलफूल र सागपात*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, ललितपुर; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०४५, पृष्ठ-१४+२=१६, मूल्य-अनुल्लिखित; चित्र-नवीन्द्र राजभण्डारी ।

यो पुस्तक तरकारी र सागपातबारे सामान्य जानकारी दिने उद्देश्यले तयार गरिएको पुस्तक हो । पुस्तक विशेष गरी छ-सात वर्षका बालबालिकाका लागि उपयोगी देखिन्छ ।

## ऋषभदेव शास्त्री

### *१. व्याकरणको दन्त्यकथा*

प्रकाशक-ऋषभदेव शास्त्री; मुद्रक-?; पहिलो संस्करण-२०२७, पृष्ठ-२०, मूल्य-रु.१।- ।

नेपाली व्याकरणका सामान्य नियमहरू बालबालिकालाई सरल र रोचक ढङ्गाबाट सिकाउने उद्देश्यले दन्त्यकथाको शैलीमा तयार पारिएको पुस्तक । **विवरणात्मक ग्रन्थकोश**, पृष्ठ-११२ अनुसार उल्लिखित ।

## एच.बी.राई र एस.शर्मा

### *१. केही कथा : केही कुरा (भाग-१)*

प्रकाशक-श्याम प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-मौर्य प्रेस एण्ड पब्लिकेसन्स, वाराणसी, भारत; पहिलो संस्करण-?; संस्करण-१९८२ फरवरी, पृष्ठ-५६+४=६०, मूल्य-रु.३।५० (भारु); चित्र-अनुल्लिखित ।

एघार रचना । शीर्षक-गोर्खाली जातिको कथा, बुद्धभक्तिको अन्त, एक साहसीको समुद्र यात्रा, चोरैचोरको कथा, नयाँ विचारको जन्म, जीर्णधन र धनी सेठ, जेस्फरको कथा, विश्वव्यापी चिया, मच्छरको जन्म, भक्त कबीर, जान फ्रैङ्कलिन । विभिन्न विषयका रचना सङ्गृहीत यो कृति पाँचौं श्रेणीका लागि तयार गरिएको हो ।

## कपिल लामिछाने

### *१. रमाइला गाउँखाने कथा*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ साउन, पृष्ठ-११७+३=१२०, मूल्य-रु.५०।-; आवरण-देव कोइमी ।

गाउँखाने कथा नेपाली लोकसाहित्यको एक महत्त्वपूर्ण सामग्री हो । यस कृतिमा त्यस्ता गाउँखाने कथामध्ये बालबालिकाका लागि उपयोगीलाई एकै ठाउँ भेला पारी प्रस्तुत गरिएको छ । कृतिले बालबालिकालाई गाउँखाने कथाप्रति रुचि जगाउन मद्दत पुऱ्याउनुका साथै उनीहरूमा तर्क र चिन्तनजस्ता बौद्धिक अभ्यास गर्ने बानीको विकास गर्न पनि सहयोग गर्छ ।

## कार्तिकेय घिमिरे

### *१. जादुको कथा*

प्रकाशक-बालसाहित्य प्रतिष्ठान; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६४, पृष्ठ-२४+४=२८, मूल्य-रु.४५।-; चित्र-रश्मि अमात्य शशि; सम्पादन-सुभद्रा गौतम ।

जादुबारे जानकारी दिने पुस्तक । शीर्षक-जादुको कथा, नेपालमा जादु, जङ्गबहादुर र जादु, नेवारी गुभाजुको जादु, विश्वका केही प्रसिद्ध जादुगरहरू, जादुगरको घर, विश्वप्रसिद्ध जादुका केही झलकहरू । केटाकेटीहरू जादु मन

पराउँछन् । यस कृतिले जादुका बारेमा सरल र सरस ढङ्गले सङ्क्षेपमा जानकारी दिन्छ । पुस्तक रमाइलो छ । बालबालिकाहरूले यसबाट जादुका बारेमा सामान्य जानकारी प्राप्त गर्न सक्छन् । पुस्तकमा तस्विरहरू पनि राखिएका छन् ।

## काशीराज सुवेदी

### *१. मेरो सानो खरायो*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-जोशी मुद्रणालय प्रालि, ललितपुर; पहिलो संस्करण-२०४५, पृष्ठ-२०+२=२२, मूल्य-अनुल्लिखित; चित्र-गौतम मानन्धर ।

आठ रचना । शीर्षक-सरस्वतीको प्रार्थना, मेरो सानो खरायो, गाई, रमाइलो धर्ती, फूलबारीमा पुतली, पानी, राजा सबका साझा, हाम्री रानी । यो कृति एकताका पाठ्यपुस्तकका रूपमा रहेको **महेन्द्र माला** (भाग-२) को सहायक पुस्तकका रूपमा गद्यमा प्रकाशित कृति हो ।

## किशोर खड्का

### *१. कमला र कमल*

प्रकाशक-अनुल्लिखित (युनिसेफ); मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-१२, मूल्य-अनुल्लिखित; चित्र-सुभाष राई ।

यो कृतिमा बालक र बालिका दुवै समान हुन्, फरक गर्नु हुन्न भन्ने सन्देश दिने सामग्री छन् । कृतिलाई 'सहायक सामग्री-१' भनिएको छ । सहायक सामग्री-२ भनेर **मेरो घर र परिवार** तथा सहायक सामग्री-३ भनेर **वनभोज** शीर्षकका पुस्तिका पनि प्रकाशित भएको सो कृतिमा उल्लेख भए पनि ती कृति प्राप्त भने हुन सकेन ।

## कृष्णप्रसाद पराजुली

### *१. लोलीबोली*

प्रकाशक-सौजन्य प्रकाशन, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४७, पृष्ठ-६४, मूल्य-रु.१८।-; चित्र-तुलसी अर्याल ।

यो पुस्तक सत्र शीर्षकमा लेखिएको प्रारम्भिक नेपाली व्याकरण र रचनाको पुस्तक हो । पराजुलीले बालबालिकाको उमेर, भाषिकस्तर र रुचिलाई ध्यानमा राखेर यसको रचना गरेका हुन् । पुस्तक अत्यन्त उपयोगी छ ।

"प्रस्तुत कृतिमा विषयवस्तुको आवश्यकता, प्रस्तुतिको मौलिकता एवम् अभ्यासको सरलता र सरसताका साथै प्रयोगात्मक भाषिक कुशलतामा सकेसम्म बढी जोड दिइएको छ ।" (लेखकीय, *लोलीबोलीका कुरा*)

## कृष्णप्रसाद पौडेल

### *१. हाम्रा पोसाक र गरगहना*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एनपिटिसी लिमिटेड; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र/आवरण-श्रीहरि श्रेष्ठ; सम्पादन-जयप्रसाद लम्साल ।

विभिन्न पोसाक र गहनाबारे जानकारी । शीर्षक-दौरा, सुरुवाल, इस्टकोट, टोपी, पटुका, गुन्यु, चोलो, मजेत्रो, धोती, फरिया, फेटा, गलबन्दी, कछाड, गादो, पाँगा, घलेक, दोमौ (जामा), रिबन, हाकु पतासी, बोना, लेहेङ्गा चोली, पाङ्देन, भन्तालां, टिकी, बख्खु, शिरबन्दी, ढुङ्ग्री, झम्केफुली, बुलाकी, धागो, टिकमाला, टीका, हँसुली, पाउजु, चुरा, मारवाडी, चन्द्रमाला, नौगेडी, तिलहरी, कम्पनी माला, चेप्टे सुन, पोते, शिरफूल, जन्तरमाला, माकसी, बाला, कल्ली, ताय्, मुन्डमाला, औँठी, किलिपकाँछा, सिक्री, टिकुली, कण्ठमाला, जुत्ता र दोचा । बालबोध शृङ्खलाअन्तर्गतको ४९ औँ प्रकाशन । यस पुस्तकमा माथि उल्लिखित नेपालका विभिन्न पोसाक र गहना गरी ५६ वटाको सामान्य परिचय दिइएको छ । जानकारीमूलक यस कृतिबाट हाम्रा पोसाक र गहनाबारे बालबालिकाको ज्ञान अभिवृद्धिमा सहयोग पुग्ने देखिन्छ । यस कृतिले कुन जातजातिले कस्ता गहना लगाउँछन् र ती गहनालाई के भनिन्छ भन्नेबारे पनि कृतिले राम्रो जानकारी दिन्छ ।

## कृष्णराज अर्याल

### *१. रमाइलो कुरा (पहिलो भाग)*

प्रकाशक-नयाँ नेपाल प्रकाशन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस प्रालि, वाराणसी, भारत; पहिलो संस्करण-२०१७, पृष्ठ-३२, मूल्य-रु.१।- ।

बालपाठ्यपुस्तक ।

### *२. रमाइलो कुरा (दोस्रो भाग)*

प्रकाशक-नयाँ नेपाल प्रकाशन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस प्रालि, वाराणसी,

भारत; पहिलो संस्करण-२०१७, पृष्ठ-४०, मूल्य-? ।

बालपाठ्यपुस्तक ।

### *३. रमाइलो कुरा (तेस्रो भाग)*

प्रकाशक-नयाँ नेपाल प्रकाशन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस प्रालि, वाराणसी, भारत; पहिलो संस्करण-२०१८, पृष्ठ-४२, मूल्य-रु.१।३० ।

बालपाठ्यपुस्तक ।

## **केशवलाल कर्माचार्य** र **माधवलाल कमाचार्य**

### *१. नयाँ नेपाली साहित्य (भाग-१)*

प्रकाशक-पशुपति पुस्तक भवन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस, मजफरपुर, भारत; पहिलो संस्करण-२०१४, पृष्ठ-६१, मूल्य-? ।

बालपाठ्यपुस्तक ।

### *२. नयाँ नेपाली साहित्य (भाग-२)*

प्रकाशक-पशुपति पुस्तक भवन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस, मजफरपुर, भारत; पहिलो संस्करण-२०१४, पृष्ठ-९३, मूल्य-? ।

बालपाठ्यपुस्तक ।

### *३. नयाँ नेपाली साहित्य (भाग-३)*

प्रकाशक-पशुपति पुस्तक भवन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस, मजफरपुर, भारत; पहिलो संस्करण-२०१४, पृष्ठ-११०, मूल्य-? ।

बालपाठ्यपुस्तक ।

### *४. नयाँ नेपाली साहित्य (भाग-४)*

प्रकाशक-पशुपति पुस्तक भवन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस, मजफरपुर, भारत; पहिलो संस्करण-२०१४, पृष्ठ-१०८, मूल्य-? ।

बालपाठ्यपुस्तक ।

### *५. नयाँ नेपाली साहित्य (भाग-५)*

प्रकाशक-पशुपति पुस्तक भवन, काठमाडौँ; मुद्रक-विद्यामन्दिर प्रेस, मजफरपुर, भारत; पहिलो संस्करण-२०१४, पृष्ठ-११८, मूल्य-? ।

बालपाठ्यपुस्तक । यी पाँचै भाग **मदन पुरस्कार पुस्तकालय**को १५९८ नं. मा दर्ता भएको ।

## खेचरमणि आ.दी.

### *१. शिशुबोधिनी (पहिलो भाग)*

प्रकाशक-गोरखा ग्रन्थ प्रचारक मण्डली, बनारस, भारत; मुद्रक-निर्भय सागर प्रेस, बम्बई, भारत; पहिलो संस्करण-१९६८ इ., पृष्ठ-२०, मूल्य-चार आना ।

बालपाठ्य ।

## गणेशबहादुर माली

### *१. वैज्ञानिक संसार*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२६, पृष्ठ-२३०+६=२३६, मूल्य-रु.४।-; चित्र-अनुल्लिखित ।

नौ अध्याय । शीर्षक-पृथ्वी र ब्रह्माण्ड, पदार्थ, शक्ति-१, शक्ति-२, 'हावा, पानी र माटो', जीवित पदार्थ-१, जीवित पदार्थ-२, हाम्रो स्वास्थ्य, विकासवाद । यसबाहेक परिशिष्ट-१ मा पुस्तकमा प्रयोग गरिएका केही वैज्ञानिक शब्दाबली तथा त्यसको अङ्ग्रेजी अनुवाद र परिशिष्ट-२ मा केही उपयोगी वैज्ञानिक तथ्याङ्क समावेश गरिएका छन् । यो पुस्तक पाठ्यक्रममा आधारित पुस्तक नभए पनि माध्यमिक कक्षाका विद्यार्थीहरूका निमित्त सामान्य विज्ञानको सहपुस्तिकाका रूपमा महत्त्वपूर्ण भएको लेखकीय भूमिकामा उल्लेख छ । विषयवस्तुका दृष्टिकोणले पुस्तक निश्चित रूपमा उपयोगी छ, तर यसको भाषा र प्रस्तुति त्यत्ति सरल हुन सकेको छैन ।

## गुहनाथ पौडेल

### *१.केही अनौठा कुराहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ;

पहिलो संस्करण-२०५९, पृष्ठ-१६+४=२०, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारू र श्रीहरि श्रेष्ठ; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

सात सामग्री । शीर्षक-पेङगुइन, मिश्रको पिरामिड, कङ्गारू, पिचर प्लान्ट, हुटिटचाउँ, यार्सागुम्बा, रेसमकिरा । बालबोध शृङ्खलाअन्तर्गत्को ३८ औँ प्रकाशन । यस कृतिले विश्वका केही अनौठा जीवजन्तु र वनस्पतिसहित मिश्रको पिरामिडबारे राम्रो जानकारी दिन्छ । यसका रचनाहरू कुनै आत्मकथाको शैलीमा, कुनै निबन्धात्मक शैलीमा र कुनै वर्णनात्मक शैलीमा लेखिएका छन् । रचनाका भाषा सरल छ । कृति प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिए पनि सबैका लागि उपयोगी छ ।

## गोरखबहादुर सिंह

### *१. बालसँगालो*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-३४+६=४०, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई ।

विभिन्न चौतीस शीर्षकमा बालोपयोगी रचना । बालबोध शृङ्खलाअन्तर्गतको १९ औँ प्रकाशन । सम्पादित कृति । यस कृतिमा विभिन्न विधाका रचनाका अतिरिक्त बालबालिकालाई मनोरञ्जनसँगै ज्ञान दिने विविध सामग्री समेटिएका छन् । यो कृति विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिए पनि अरूलाई पनि उपयोगी हुने देखिन्छ ।

## चन्द्रप्रसाद भट्ट र लक्ष्मी भट्ट

### *१. हाम्रा वरपरका जीवजन्तुहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एनपिटिसी लिमिटेड; पहिलो संस्करण-२०६०, पृष्ठ-२६+६=३२, मूल्य-अनुल्लिखित; चित्र-कृष्ण श्रेष्ठ; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

सोह्र विभिन्न शीर्षकमा जीवजन्तुबारे जानकारी । शीर्षक-घरपालुवा जीवजन्तुहरू, मासुका लागि पालिने जीवजन्तुहरू, दूधका लागि पालिने जीवजन्तुहरू, अन्डाका लागि पालिने जीवजन्तुहरू, ऊनका लागि पालिने जीवजन्तुहरू, भारी बोकाउनका लागि पालिने जीवजन्तुहरू, यातायातका लागि पालिने जीवजन्तुहरू, गाडा तान्नका लागि पालिने जीवजन्तुहरू, जोत्नका लागि पालिने जीवजन्तुहरू,

जङ्गलमा बस्ने मनपराउने जीवजन्तुहरू, पानीमा बस्ने जीवहरू, सिमसारमा पाइने जीवहरू, घाँस खाने जीवजन्तुहरू, अन्न र फलफूल खाने जीवजन्तुहरू, मासु खाने जीवजन्तुहरू र केही अनौठा जीवहरू । बालबोध शृङ्खलाअन्तर्गतको ४७ औँ प्रकाशन । यस कृतिमा विभिन्न जीवजन्तुका बारेमा चित्रका माध्यमबाट जानकारी दिइएको छ । प्राथमिक कक्षाका विद्यार्थीका लागि यो कृति उपयोगी देखिन्छ ।

## छविलाल गजुरेल (डा.)

### *१. हाम्रा प्राविधिक सम्पदा*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ वैशाख, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-सुमन वज्राचार्य; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

आठ सामग्री । शीर्षक-ढिकी, जाँतो, हलो, बयलगाडा, तान र चर्खा, उर्घन र लुसी, कुम्हालेको चक्र, तोरी पेल्ने कोल । बालबोध शृङ्खलाअन्तर्गतको २४ औँ प्रकाशन । नेपाली ग्रामीण समाजमा परम्परागत रूपमा प्रयोग हुँदै आएका प्रविधिबारे यस पुस्तकमा जानकारी दिइएको छ । यी प्रविधि विकास र सहरीकरणसँगसँगै हराइरहेका छन् । यस्तो अवस्थामा तीबारे जानकारी दिने यी सामग्रीको आफ्नै किसिमको महत्त्व छ । यो सामग्री विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार गरिए पनि अन्य कक्षामा पनि उपयोगी हुने देखिन्छ ।

### *२. वैज्ञानिक चमत्कार*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-गौतम मानन्धर; आवरण-नवीन्द्र राजभण्डारी र हिमालय गौतम ।

दस वैज्ञानिक अनुसन्धानबारे जानकारीमूलक सामग्री । शीर्षक-बिजुली, कम्प्युटर, हवाईजहाज, एन्टिबायोटिक्स, रेसा र सिलाइ मेसिन, एक्स-रे, सूक्ष्मदर्शक यन्त्र, मोटर इन्जिन, छापाखाना । बालबोध शृङ्खलाअन्तर्गतको ५६ औँ प्रकाशन । विश्वलाई विकासको अग्रगतितिर लग्न मद्दत पुऱ्याउने केही प्रमुख वैज्ञानिक आविष्कारबारे यस कृतिमा सरल ढङ्गबाट जानकारी दिइएको छ । सामग्रीमध्ये

धेरैजसो संवाद शैली र केही प्रवचन शैलीमा प्रस्तुत गरिएका छन् । कृति अत्यन्त उपयोगी छ र यसले बालबालिकालाई विज्ञानप्रति रुचि जगाउन मद्दत पुऱ्याउने देखिन्छ ।

## जानुका पाण्डे

### *१. अनमोल जीवन (सम्पा.)*

प्रकाशक-विकास मञ्च नेपाल; मुद्रक-शुभकामना प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०६०, पृष्ठ-२०+४=२४, मूल्य-रु.७५।-; चित्र-नभएको ।

यस कृतिमा बालकविता, बालकथा र निबन्धहरू गरी १८ रचना सङ्गृहीत छन् । सामग्रीमध्ये नेपालीमा १६ र बाँकी दुई अङ्ग्रेजीमा रहेका छन् । माधव घिमिरेको 'बन जीवन्त मानिस'सहित सरोज पाण्डे र संजितराज पाण्डेका तीन/तीन, सुजाता पाण्डे, सुरज पाण्डे, रोमिला चिमोरिया, रीतेश चिमोरिया, रमोद चिमोरिया, सुप्रिया पाण्डे, सृजन पाण्डे र अनिता कँडेलका एक/एक रचना यसमा समावेश गरिएका छन् । तर धेरै रचना प्रभावकारी छैनन् ।

## जीतबहादुर थापा

### *१. मेरो सेरोफेरो*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-अफिस सपोर्ट सर्भिस सेन्टर प्रेस, काठमाडौँ; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०४३, पृष्ठ-२४, मूल्य-अनुल्लिखित; चित्र-के.कर्माचार्य ।

यो पुस्तिकामा निम्न सात मुख्य विषयहरू समावेश गरिएका छन्-१.घर, २.सुत्ने कोठा, ३.भान्सा कोठा, ४.घरपालुवा जनावर, ५.करेसाबारी, ६.फलफूलहरू, ७.फूलबारी । यस कृतिलाई 'सामाजिक शिक्षा सहायक' भनिएको छ ।

## तपानाथ शुक्ल, विक्रममणि त्रिपाठी र कन्हैयालाल गुप्ता

### *१. सञ्चारका केही साधनहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

मुद्रण, रेडियो, टेलिफोन, फ्याक्स, टेलिभिजन र कम्प्युटर गरी छ वटा सञ्चार प्रविधि र उपकरणबारे जानकारी दिने सामग्री । बालबोध शृङ्खलाअन्तर्गतको ४० औँ प्रकाशन । यस कृतिले सञ्चारका अहिले प्रचलित छ प्रविधि र तिनसँग सम्बन्धित उपकरणबारे राम्रो जानकारी दिन्छ । वर्णनात्मक भाषाशैलीमा लेखिएको पुस्तकको भाषाशैली सरल छ । कृति प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिएको भए पनि अरू उमेरसमूहका लागि पनि उपयोगी छ ।

## **तीर्थबहादुर श्रेष्ठ** (डा.) र **विमललाल श्रेष्ठ**

### *१. बालविज्ञान-प्रश्नोत्तर*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-जोरगणेश प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४०, पृष्ठ-१०१+१५=११६, मूल्य-अनुल्लिखित; चित्र-मोहनबहादुर खड्का ।

विज्ञानसम्बन्धी १०० प्रश्नको सरल जवाफ भएको पुस्तक । यो पुस्तक यस प्रकारको सम्भवत: पहिलो पुस्तक हो, जसमा बालरुचिका विज्ञानसँग सम्बन्धित विभिन्न प्रश्नको वैज्ञानिक समाधान दिइएको छ । विज्ञानप्रति बालबालिकाको रुचि जगाउन पनि यसले मद्दत गर्छ । कृतिको भाषाशैली सरल, सुबोध र सहज देखिन्छ । कृतिलेखकले यो पुस्तक १० वर्षभन्दा मुनिका बालबालिकाले घर-परिवार र पाठशालामा सोध्ने गरेका प्रश्नहरूलाई बढी प्राथमिकता दिइएको उल्लेख गरेका छन् ।

## **तेजकुमार श्रेष्ठ** (डा.)

### *१. हाम्रा वरपरका केही सानाठूला जीव-जनावरहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारू; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

नौ सामग्री । शीर्षक-चौँरीगाई, कस्तुरी मृग, डाँफे, हात्ती, गैँडा, कमिला, डल्फिन, काँडेभ्याकुर, गौँथली । बालबोध शृङ्खलाअन्तर्गतको ३० औँ प्रकाशन । यस कृतिमा हाम्रा वरपरका विभिन्न जीवजन्तुका बारे सजिलो भाषामा जानकारी दिइएको छ । प्रकाशकका अनुसार प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको

खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले विज्ञान तथा वातावरण शिक्षासम्बन्धमा पनि केही न केही जानकारी दिन्छ ।

### *२. केही अनौठा प्राणीहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-१८+६=२४, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारू र गौतम मानन्धर; आवरण-नवीन्द्रमान राजभण्डारी; सम्पादन-जयप्रसाद लम्साल ।

विभिन्न तेह्र प्राणीबारे जानकारी दिने उपयोगी सामग्री । समेटिएका प्राणीहरूमा अक्टोपस, ह्वेल, जलगैँडा, कछुवा, गोही, सालक, ओद, अजिङ्गर, गोमन, करेत, जिराफ, उँट, सुतुरमुर्ग । बालबोध शृङ्खलाअन्तर्गतको ४२ औँ प्रकाशन । शीर्षकले नै यस कृतिमा केही अनौठा प्राणीबारे जानकारी दिइएको छ भन्ने बुझिन्छ । ती अनौठा प्राणीका रूपरङ्ग र स्वभावका बारे सरल र सङ्क्षेपमा वर्णन गरिएको यो पुस्तक प्राथमिक तहका बालबालिकालाई दृष्टिगत गरेर तयार गरिए पनि अरूका लागि पनि उपयोगी छ । सामग्रीको भाषा सरल र सुबोध छ ।

## तेजप्रकाश श्रेष्ठ

### *१. बाल सामान्यज्ञान (खण्ड-१)*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६० वैशाख, पृष्ठ-७२, मूल्य-रु.३०।-; आवरण-द मिराकल्स, काठमाडौँ ।

यो सामान्य ज्ञानको पुस्तक हो । बालबालिकाको ज्ञान र जानकारीलाई विस्तार गर्ने उद्देश्यले यो कृति तयार गरिएको हो ।

## तेजप्रकाश श्रेष्ठ र शारदा अधिकारी

### *१. बाइस पाटन : त्रिपन्न ताल*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारु; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

विभिन्न सात शीर्षकका जानकारीमूलक सामग्री । शीर्षक-कौशिका र

कोकासैँ समाउँछ बराहक्षेत्र (श्रेष्ठ), पूर्वको पशुपति (अधिकारी), अहा ! क्या राम्रो मूर्ति (अधिकारी), गोसाइँकुण्ड (श्रेष्ठ), क्या रमाइलो ! देवघाटधाम (अधिकारी), साँच्चै स्वर्ग जाने ढोका नै हो स्वर्गद्वारी, बाइस पाटन-त्रिपन्न तालको खप्तड । बालबोध शृङ्खलाअन्तर्गतको १४ औँ प्रकाशन । नेपालका प्रमुख धार्मिक पर्यटकीयस्थलका रूपमा रहेका विभिन्न स्थानका बारे जानकारी दिने सामग्री यस पुस्तकमा समेटिएका छन् । यसले हाम्रो प्राकृतिक-धार्मिक सम्पदाको महत्त्वका अतिरिक्त हाम्रो देशको भौगोलिक विविधताबारे पनि बालबालिकालाई राम्रो जानकारी दिन्छ । यो पुस्तक विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिए पनि अरूका लागि पनि उपयोगी छ ।

## दिनेशराज पन्त

### १. *इतिहासका कुरा*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५७, पृष्ठ-४५+७=५२, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

'नानीहरूका लागि' लेखिएको इतिहास । विभिन्न १६ शीर्षकका विभिन्न सामग्री । यस पुस्तकमा नेपालको इतिहाससम्बन्धी विविध विषयमा केही निबन्धका रूपमा र केही प्रश्नोत्तर शैलीमा जानकारी दिइएको छ । यस कृतिमा नेपालको प्रामाणिक इतिहास, प्राचीन नेपालको आकारप्रकार, चाँगु, चिनियाँ राजदुत र यात्रीले गरेका नेपाल वर्णन, काष्ठमण्डफ जैसीदेवल, रानीपोखरीजस्ता विषय समेटिएका छन् । यिनले बालबालिकालाई इतिहाससम्बन्धी ज्ञान त दिन्छ नै, यसका अतिरिक्त प्रश्नअनुरूप उत्तर कसरी लेख्ने भन्ने जानकारी पनि दिन्छ ।

## दिनेशराज भुजु (डा.)

### १. *विज्ञानका जिज्ञासाहरू*

प्रकाशक-नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७, पृष्ठ-८१+१३=९४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

विज्ञानसम्बन्धी १२५ जानकारीको प्रस्तुति । लेखन तथा सम्पादन भनिएको । बालबालिकाका विज्ञानसम्बन्धी विभिन्न जिज्ञासालाई शान्त बनाउन र विज्ञान शिक्षाप्रति उनीहरूको रुचि जगाउन यो कृति अत्यन्त उपयोगी देखिन्छ । यस कृतिको प्रकाशकीयमा प्रा.डा.दयानन्द बज्राचार्यले यसो भनेका छन्-"शारीरिक

तथा मानसिक वृद्धिको क्रममा आफू वरिपरिको प्राकृतिक वातावरण र विभिन्न घटनाहरूबाट प्रभावित भएपछि बालबालिकाहरू स्वभाविक रूपले जिज्ञासु बन्दछन् । निःसन्देह सबै जिज्ञासाको उचित र सरल उत्तर नहोलान् तथापि उचित शिक्षा र वैज्ञानिक साक्षरताको अभावमा केटाकेटीहरूका कतिपय प्रश्न र कौतुहलताहरू निरुत्तरित भै जान्छन् । फलस्वरूप कतिपय पक्षमा अवैज्ञानिक, अझ गलत धारणा र अन्धविश्वासले झाङ्गिने मौका पाउँछ र समाजमा ती गलत अवधारणा र अन्धविश्वास कायमै रहन जान्छन् । उल्लेखित सन्दर्भमा विद्यालयका बालबालिकाहरूका लागि सरल नेपाली भाषामा तयार पारिएको यो पुस्तक **विज्ञानका जिज्ञासाहरू** निकै उपयोगी हुने मैले ठानेको छु ।"

## दुर्गादत्त गौतम

### *१. पुतलीपुरका पाँच तारा*

प्रकाशक-श्रीमती माया गौतम, आसाम, भारत; मुद्रक-नागाल्याण्ड प्रिन्टिङ प्रेस, मोकोकचुङ; पहिलो संस्करण-१९९२ इ, पृष्ठ-२१+७=२८, मूल्य-रु.५।५० (भारु); चित्र-नभएको ।

विधा स्पष्ट नभएको बालकृति । यो कृति गद्यमा लेखिएको छ तर विधा स्पष्ट छैन । कृतिलाई बालपुस्तिका भनिएको छ । उपन्यासजस्तो पनि लाग्ने यो कृति विषय, भाषा, शैलीका दृष्टिबाट बालोपयोगी देखिँदैन ।

## देवकुमारी सिंह

### *१. हिमाल किशोर (सम्पा.)*

प्रकाशक-रवीन्द्रनाथ मित्र, दार्जीलिङ; मुद्रक-रत्नाकर प्रेस, कलकत्ता; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-५२+४=५६, मूल्य-रु.१।-; चित्र-नभएको ।

चौबीस रचनाको सङ्कलन । शीर्षक-आज नै ! (कविता, अगमसिंह गिरी), मीठो बोली (कविता, तुलसी अपतन), सिद्धयाउन नसके कुनै काम नथाल, हँसेउली, साहसी बीरू (काव्य, श्री तुलसी अपतन), आविष्कारकहरूका आविष्कार, प्रश्नोत्तर (विभिन्न लेखक), चिट्ठी, न भन, काम गर (कविता, तुलसी अपतन), चिट्ठी, शिशुहरूलाई प्रेम गर्ने श्री जवाहरलाल नेहरू (बलबहादुर क्षेत्री), को ठूलो ? (कविता, तुलसी अपतन), थाहा छ के ? (जानकारीमूलक सामग्री), सरस्वती पूजा (लेख, प्रेमकुमार सिंह), कागले कान लग्यो (कथा), राँके भूत (लेख,

एफ.ओ.शेरपा), सर आईजाक न्यूटन (जीवनी, बाबुलाल प्रधान), देशभक्ति (लेख), टिकटसङ्ग्रह (लेख, टी.एस.), आमा तिम्री कस्ती छन् ! (कविता, बाङ्देल), पुग्यो एक (कविता, बालकृष्ण सम), स्वतन्त्रताको सिपाही (कथा) । सम्पादिका र प्रकाशकको भनाइ नभएको । **हिमाल किशोर** मासिक पत्रिकाको वर्ष १ का १२ र वर्ष २ का २ गरी कुल १४ अङ्कमा प्रकाशित विभिन्न लेखकका २४ रचना यसमा सङ्गृहीत छन् ।

## ध्रुव घिमिरे

### *१. के ? किन ? कसरी ?*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२४, मूल्य-अनुल्लिखित; चित्र/आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

सात रचना । शीर्षक-असिना कसरी पर्छ ?, भुइँचालो कसरी जान्छ ?, इन्द्रेनी कसरी बन्छ ?, सिस्नुले किन पोल्छ ?, पात किन हरियो हुन्छ ?, बिजुली कसरी चम्कन्छ ?, पानी कसरी पर्छ ? । बालबोध शृङ्खलाअन्तर्गतको ३७ औँ प्रकाशन । यस कृतिमा विज्ञानसम्बन्धी सात तथ्यको सरल र रोचक ढङ्गबाट जानकारी दिइएको छ । कृतिको विशेषता सामग्रीको कथात्मक एवम् संवाद-शैलीमा भएको प्रस्तुति हो । कृति विषयका दृष्टिले त उपयोगी छँदै छ, भाषा र शैलीका दृष्टिले पनि बालबालिकाका लागि आकर्षक हुन पुगेको छ । प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिए पनि अन्य उमेरसमूहका विद्यार्थीका लागि पनि कृति उपयोगी देखिन्छ ।

## ध्रुव घिमिरे र गुहनाथ पौडेल

### *१. अनौठा प्राणी र वनस्पति*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ जेठ, पृष्ठ-३४+६=४०, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई; सम्पादन-गोरखबहादुर सिंह ।

विभिन्न वनस्पति र प्राणीबारे जानकारी दिने बाह्र रचना । गुहनाथ पौडेलद्वारा लिखित बारको रूख, जरा र फेदको कथा, आलु, तुलसी, लज्जावती झार (बुहारी झार) र सिउँडी तथा ध्रुव घिमिरेद्वारा लिखित अर्ना र कर्ना, जीवन र नाटक, लौ

भन नानी म को हुँ ?, लाटोकोसेरोको निवेदन, भ्रुसिलकिरो त पुतली पो बनेछ, जेम्स नेपाल र मौरी र चुलबुलेको सपना । बालबोध शृङ्खलाअन्तर्गतको २८ औँ प्रकाशन । यस कृतिमा विभिन्न वनस्पति र प्राणीका विषयमा विज्ञानसम्मत जानकारी दिइएको छ । विशेषत: कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिएको यो पुस्तक अरूका लागि पनि उपयोगी छ । विषयलाई कथा र संवाद शैलीमा प्रस्तुत गरिनाले कृति अझ रोचक हुन पुगेको छ ।

## नन्दा ज्ञवाली

### *१. गरीबको पढाइ*

प्रकाशक-ग्रामीण विकासका निम्ति परियोजना, डोटी; मुद्रक-?; पहिलो संस्करण-२०४१, पृष्ठ-३२, मूल्य-अनुल्लिखित; चित्र-? ।

शिक्षण कार्यमा प्रयोग हुने स्थानीय सामग्रीबारे कथात्मक रूपमा जानकारी दिइएको पुस्तक । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.१० का आधारमा ।

## नवीना श्रेष्ठ र रविन श्रेष्ठ

### *१. वन्यजन्तुको रङ भर्ने किताब*

प्रकाशक-आई.यु.सि.एन. (द वर्ल्ड कन्जरभेसन युनियन); मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-१९९६ इ., पृष्ठ-१२, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य 'शारब', सहयोगी-सुषमा राजभण्डारी; प्राविधिक सहयोग-डा.टि.बि.श्रेष्ठ र राजेन्द्र सुवाल ।

यस कृतिमा लङ्गूर, चितुवा, गैँडा, चित्तल, बाघ, राज धनेश, मयूर, सुगा, सारस, घडियाल, सुन गोहोरो र अजिङ्गर गरी बाह्र पशुपक्षीको चित्र दिइएको छ । बालबालिकालाई रङ भर्न यो पुस्तक तयार गरिएको हो । पुस्तकमा प्रकाशकीयलगायत केही सामग्री छैन ।

## नवीन्द्र राजभण्डारी

### *१. अनेक मानिस थरीथरी काम*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर

शारू; आवरण-गौतम मानन्धर ।

सामाजिक शिक्षासम्बन्धी सामग्री । समेटिएका सामग्रीहरूमा विद्यालय, पुस्तकालय, अस्पताल, एम्बुलेन्स, समाचारपत्रको कार्यालय, छपाई मेसिन, हुलाक, हुलाकटिकट, चिठी, विमानस्थल, हवाईजहाज, प्रहरी कार्यालय, ट्राफिक, बैङ्क, होटेल, पसल, सुपरमार्केट । बालबोध शृङ्खलाअन्तर्गतको ३१ औँ प्रकाशन । यस पुस्तकमा बालबालिकालाई हाम्रो दैनिक जीवनमा चाहिने र सम्पर्क गर्नुपर्ने विभिन्न स्थानका बारेमा थोरै शब्द र बढी चित्रका माध्यमबाट जानकारी दिने प्रयास गरिएको छ । विशेष गरेर प्राथमिक तह र सोभन्दा तलका लागि यो सामग्री उपयोगी देखिन्छ ।

## निर्मलकुमार रिमाल

### *१. ज्ञान-विज्ञान*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-मातृभूमि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०३७, पृष्ठ-६३+९=७२, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

सोह्र रचना । शीर्षक-रहस्यमय विश्व, पृथ्वीको आकार र आधार, सूर्य, पृथ्वीको रूपरेखा, गुरुत्वाकर्षण शक्ति, हामी र हाम्रो शरीर, उत्तरी ध्रुवको विजय, पानी, मानव-मस्तिष्क, गतिशीलता र शक्ति, बाफको इन्जिन, जीवनको प्रकृति र त्यसको उत्पत्ति, हाम्रा अत्यन्त प्राचीन पूर्वज, जीवन के हो ?, यान्त्रिक शक्तिको पहिलो सिँढी, ‘के, किन र कसरी ?’ । यस कृतिमा विज्ञानका अतिरिक्त अन्य महत्त्वपूर्ण विषयलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । बालबालिकालाई सानैदेखि विज्ञानसम्बन्धी जानकारी दिने उद्देश्यले पुस्तक प्रकाशित गरिएको र कृति किशोर वयका लागि उपयोगी भएको प्रकाशकीयमा उल्लेख छ । कृति निश्चित रूपमा उपयोगी छ ।

## नीमा छिरिङ शेर्पा

### *१. नेपाली अभ्यास माला*

प्रकाशक-साहित्यकुटीर प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-सुहान्त प्रिन्टिङ वर्क्स, कलकत्ता, भारत; पहिलो संस्करण-१९६१ इ., पृष्ठ-३४, मूल्य-अनुल्लिखित ।

बालपाठ्यपुस्तक । **मदन पुरस्कार पुस्तकालय**मा २७५१ नं.मा दर्ता भएको ।

## नेत्रबहादुर थापा क्षेत्री

### *१. आधार शिशुबोधिनी*

प्रकाशक-शारदा पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२००५, पृष्ठ-१८, मूल्य-अनुल्लिखित ।

बालपाठ्यपुस्तक । **मदन पुरस्कार पुस्तकालय**मा ५०९९ नं.मा दर्ता भएको ।

## परशुराम निरौला

### *१. हाम्रो पृथ्वी*

प्रकाशक-रूम टु रीड; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-६०, मूल्य-अनुल्लिखत; चित्र (फोटो)-विजय श्रेष्ठ; सम्पादन-भिक्टर प्रधान; भाषा-नेपाली र अङ्ग्रेजी; अङ्ग्रेजी नाम-Our Earth.

पृथ्वी बालबालिकाका लागि सधैँ जिज्ञासाको विषय रहिआएको छ । यस कृतिमा पृथ्वीमा जीवको उद्विकास, पृथ्वीबाट हामीले पाएका सम्पदा, मानिस र सभ्यताको विकास तथा मानिसले खडा गरेका समस्याहरूका बारेमा विस्तृत जानकारी दिइएको छ । यस कृतिले विश्वका सम्पूर्ण प्राणीको साझा सम्पत्तिको रूपमा रहेको पृथ्वी र यसका भएका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्नुपर्नेतर्फ दायित्वबारे पनि बोध गराएको छ ।

## पारसमणि प्रधान र नगेन्द्रमणि प्रधान

### *१. नेपाली सजिलो साहित्य (पहिलो भाग, सम्पा.)*

प्रकाशक-दि म्याकमिलन कम्पनी अफ इण्डिया लिमिटेड, कलकत्ता, भारत; मुद्रक-कालिका प्रेस प्रालि, कलकत्ता, भारत; पहिलो संस्करण-?; पुनःमुद्रण-१९७३ इ., पृष्ठ-४४+४=४८, मूल्य-८० पैसा (भारु); चित्र-अनुल्लिखित ।

गद्य र पद्य गरी सत्र रचना । शीर्षक-मेरो म्याउ, बिरालो (पद्य), पेवा पोथी, बोहोराको कथा, चिनी, जरायो, ईश्वरलाई ढोग (पद्य), घाम र हावाको झगडा, अन्न, तामाङ गीत (पद्य), भङेराको कथा, पैसा, समय (पद्य), खरायोको ओठ, महाराज जङ्गबहादुर र घोडाबाल, मेरो फूलबारी (पद्य), आमाको माया । पाठको अन्त्यमा प्रश्न पनि । यो बालपाठ्यका रूपमा तयार पारिएको कृति हो ।

## पारसमणि प्रधान, नगेन्द्रमणि प्रधान र अमरमणि प्रधान

### *१. नेपाली साहित्य भारती (पहिलो भाग, सम्पा.)*

प्रकाशक-पी.एम.प्रधान एन्ड सन्स, दार्जीलिङ, भारत; मुद्रक-मणि प्रिन्टिङ प्रेस, दार्जीलिङ, भारत; पहिलो संस्करण-?; दोस्रो संस्करण-१९५५ इ., पृष्ठ-८०+२०+८=१०८, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

गद्य भागमा उन्नाइस र पद्य भागमा तेह्र गरी कुल बत्तीस रचना । शीर्षक-गद्यतर्फ आदिकवि भानुभक्त, रामायणको कथा, छापाखाना, कागज, आरूणिको गुरुभक्ति, दार्जीलिङ, लङ्का, अचम्मको रूख, पारिजातमाला, समयको सदुपयोग, कलम्बसको अन्वेषण, हरिभक्त प्रह्लाद, वीर बलभद्र कुँवर, नेपाली कला, सबको प्यारो सहर सिङ्गापुर, सिद्धार्थको नगरदर्शन, एक हजार एक रात, स्वाधीन भारत तथा पद्यतर्फ जीवनको एरोप्लेन (लेखनाथ पौड्याल), भरत-विलाप (भानुभक्त), भानुभक्त र घाँसी (सत्यमोहन जोशी), काफल पाक्यो (तुलसीबहादुर छेत्री), आदर्श विद्यार्थी (अपतन, गान्तोक), ढुङ्गो (महानन्द), जीवनसाथी (अगमसिंह तामाङ), कवि र कविता (पारसमणि प्रधान), शिकारीको अविवेकमा (देवीप्रसाद काफ्ले), बटुवा (धर्मराज थापा), अर्जी (जीवनाथ अधिकारी), फूल (कुलमणि देवकोटा), जाँड-रक्सी र जुवा (श्रीमती रुद्रकुमारी प्रधान) । भूमिका नभएको । छैटौँ श्रेणीका निम्ति भनिएको ।

### *२. नेपाली साहित्य भारती (दोस्रो भाग, सम्पा.)*

प्रकाशक-पी.एम.प्रधान एन्ड सन्स, दार्जीलिङ, भारत; मुद्रक-मणि प्रिन्टिङ प्रेस, दार्जीलिङ, भारत; पहिलो संस्करण-?; तेस्रो संस्करण-१९५५ फरवरी, पृष्ठ-९२+३२+४=१२८, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

गद्य र पद्य दुवै भागमा बीस/बीस गरी कुल चालीस रचना । शीर्षक-गद्यतर्फ महाराज जङ्गबहादुर, एकाग्रता, स्त्रीशिक्षा, महाराज दुष्यन्तको शिकार, प्यारिसको एक झलक (मनकुमारी बाङ्देल), कलाको विकास, कृशागौतमी, भोटको लडाइँ, ध्रुव, विद्यासागर र माता भगवतीदेवी, महासार जातक, मौरी, गाईको बिलौना, विदुषी गार्गी, देशप्रेमी कामाचारू, विज्ञानाचार्य जगदीशचन्द्र बसु, भारतको दान, महाभारतको कथा, माउण्ट एभरेस्ट विजय, बापूजी र देशप्रेमी नवयुवक तथा पद्यतर्फ भानुभक्तीय प्रश्नोत्तर, गुणगान (मोतीराम), इच्छा (सम), वर्षा (लेखनाथ), स्याबास् तेन्जिङ (पारसमणि), बाटाका रूखसँग (देवीप्रसाद काफ्ले), आऊ हे वर्षा

(माधवप्रसाद घिमिरे), किन आयौँ ? (श्यामकृष्ण श्रेष्ठ), दुर्गे ! पाहि माम् (पं.कुलचन्द्र गौतम), शैशव-स्मृति (अगमसिंह गिरी), खोला (सत्यमोहन जोशी), प्रेम (पं.तारानाथ शर्मा), बिदा (ले.रवीन्द्रनाथ, अनुवाद-रुद्रमणि प्रधान), उन्नतिको मूलमन्त्र (पारसमणि), जीवन फूलबारी (तुलसीबहादुर छेत्री), झरना (विष्णुप्रसाद धिताल), कलमवीर (माधवप्रसाद घिमिरे), असिना र झारिएका शिशु-सुन्तला (पं.माधवप्रसाद देवकोटा), दुई गौँथली (कुलमणि देवकोटा र कवीन्द्रमान सिंह), लामाको देश (शिवकुमार राई) । सातौँ श्रेणीका निम्ति भनिएको ।

## पुरण शाक्य

### *१. मेरो हिसाब किताब*

प्रकाशक-एजुकेट द चिल्ड्रेन; मुद्रक-सूर्य प्रिन्ट प्रोसेस प्रालि, नयाँ दिल्ली, भारत; पहिलो संस्करण-१९९८ इ., पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-पुरण शाक्य ।

यो पुस्तकले बालबालिकालाई एकदेखि बाह्रसम्मको अङ्क सिकाउँछ । कृति पूर्वप्राथमिक र प्राथमिक तहका विद्यार्थीहरूका लागि उपयोगी देखिन्छ । यो पुस्तक पिल्ग्रिम बुक हाउसको सहयोगमा एजुकेट द चिल्ड्रेनले प्रकाशित गरेको हो ।

## प्रकाशचन्द्र शर्मा र रत्न वस्नेत

### *१. विज्ञानले के भन्छ ? (सम्पा)*

प्रकाशक-सम्पर्क प्रकाशन समूह; मुद्रक-जयगुरु गणेश प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-४०, मूल्य-रु.१५।-; कलासज्जा-सुमन सुब्बा र डिल्ली दाहाल 'बन्धु' ।

यसमा विज्ञानसम्बन्धी विभिन्न बालोपयोगी सामग्री राखिएका छन् । "निम्नमाध्यमिक र माध्यमिक स्तरका पाठ्यपुस्तकसँग सम्बन्धित विज्ञानसामग्री निर्माण र प्रयोगका लागि जिज्ञासा सिरिजले हालमा गणित, विज्ञान र साहित्यका केही पुस्तकहरू प्रकाशित गरिसकेको छ र पछि अरू पनि यस्तै पुस्तकहरू प्रकाशित गर्दै जानेछ ।" (सम्पादकीय, *हाम्रो भनाइ)*

## प्रेम तिवारी

### *१. चरी थरीथरी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना अफसेट

प्रेस, ठमेल; पहिलो संस्करण-२०६३ फागुन, पृष्ठ-४०+८=४८, मूल्य-रु.३५।-; चित्र-अनुल्लिखित; आवरण-राकेशचन्द्र श्रेष्ठ ।

बीस चराहरूबारे गद्यमा जानकारी दिने प्रयास । समेटिएका चराहरूमा डाँफे, लाहाँचे, भ्याकुर, मजुर, बर्ड अफ प्याराडाइज, ढुकुर, परेवा, अल्बेट्रास, किबी, हमिङबर्ड, धनेस, कोइली, सुगा, सारस, भद्राई, बकुल्ला, बाज, कैँसोवरी, सुतुरमुर्ग, कच्याङकुरुङ । यस कृतिले विभिन्न थरीका चराहरूबारे निबन्धात्मक शैलीमा जानकारी दिन्छ । सरल र सङ्क्षेपमा दिइएको सामग्री उपयोगी छन् ।

## **बदरीनाथ भट्टराई** र **श्यामदास वैष्णव**

### ***१. उद्योगधन्दा***

प्रकाशक-नेपाली भाषा प्रकाशिनी समिति; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२००९, पृष्ठ-७२+४=७६, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

पन्ध्र रचना । शीर्षक-कागत, तेल, साबुन, कपडा, ऊन, रेशम, सलाई, सिलोट, अखबार, बिजुली, तसवीर, जुत्ता, ईंट, छाता, धातु । उद्योगधन्दाबारे बालबालिकालाई जानकारी दिने र उल्लिखित वस्तुको उत्पादन गर्न उत्प्रेरित गर्ने उद्देश्यले यो कृति तयार गरिएको हो । भाषा सरल र सहज छ । प्रकाशकीयमा यसो भनिएको छ- “बालकहरूको कलिलो हृदयमा उद्योगको बीउ चाँडै नै सफल होस् भनी यो पुस्तिका प्रकाश गरिएको हो । यसले पाठकहरूलाई खुशी पार्न सक्यो भने अर्को भाग पनि प्रकाश हुनेछ ।” (प्रकाशकीय, *परिचय*)

## **बालचन्द्र शर्मा**

### ***१. अन्तरिक्ष***

प्रकाशक-सहयोगी प्रकाशन, काठमाडौँ; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०२३, पृष्ठ-१२२, मूल्य-रु.४।-; चित्र-अनुल्लिखित ।

पाँच अध्यायमा विभाजित विज्ञानविषयक कृति । शीर्षक-आकाशको फूलबारी, सौरमण्डल, नापजोखका केही सिद्धान्त, पञ्चाङ्ग, ब्रह्माण्ड । कृतिले अन्तरिक्ष, नीहारिका, ब्रह्माण्ड, ग्रह, नक्षत्र आदिका बारे सामान्य जानकारी दिने प्रयास गरेको छ । विषय गहन भएकाले भाषा पनि तदनुरूप नै अलि कठिन लाग्छ । यो कृति विशेष गरेर माध्यमिक तहका किशोरकिशोरीहरूका लागि उपयुक्त देखिन्छ ।

बालबालिकाका लागि कृति लेख्ने आफ्नो इच्छाअनुरूप कृति लेखिएको लेखकको भनाइ छ ।

## माधव शर्मा

### १. *गणितबाट रमाइलो*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-रु.४०।-; चित्र-उमेश श्रेष्ठ ।

आठवटा सामग्री । शीर्षक- आठवटा आठ जोड्दा एक हजार, उमेर बताउने, एक थपी सय, काटेको अङ्क थाहा पाउने, दुई लिए दोब्बर- दुई दिए बराबर, प्रश्नभन्दा पहिले नै उत्तर, समान अङ्कको गुणनफल निकाल्ने, सोचेको सङ्ख्या बताउने । यस कृतिमा हिसाबका माध्यमबाट विभिन्न तथ्य पत्ता लगाउने तरिका सिकाउने सामग्री छन् । कृति रोचक छ र यसबाट बालबालिकाले प्रशस्त मनोरञ्जनसमेत प्राप्त गर्छन् । प्रस्तुति पनि सरल छ ।

## रत्न वस्नेत

### १. *गणितीय चमत्कार (सम्पा.)*

प्रकाशक-सम्पर्क प्रकाशन समूह; मुद्रक-चण्डेश्वरी वेभ अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८; पृष्ठ-४८, मूल्य-रु.१५।-; कलासज्जा-देवेन्द्र पौडेल ।

यस कृतिमा गणितका माध्यमबाट निकालिने केही तथ्यका बारे जानकारी दिइएको छ । कृति रोचक र उपयोगी छ ।

## राजनारायण प्रधान

### १. *सत्यकथाहरू*

प्रकाशक-श्याम ब्रदर्स, दार्जीलिङ, भारत; मुद्रक-मौर्य प्रेस एण्ड पब्लिकेसन्स, दार्जीलिङ; पहिलो संस्करण-१९७० इ.; तेस्रो संस्करण-१९७२ इ., पृष्ठ-६१+५=६६, मूल्य-रु.१।५० (भारु); चित्र-अनुल्लिखित ।

आठ रचना । शीर्षक-संसारका धर्महरू, सभ्यताका प्रथम किरण, तीन महान विजेता, कीराको संसार, फूटबलका सम्राट : पिले, पक्षीहरूको जीवन, एउटा रहस्यको कथा : रासपुटिन, कङ्गाल राष्ट्रपति लिङ्कन । यस सङ्ग्रहमा

बालबालिकालाई विविध विषयमा जानकारी दिने सामग्री छन् । कृति उपयोगी छ । यो कृति सातौँ श्रेणीको निम्ति द्रुतपाठका लागि तयार गरिएको हो ।

## रामप्रसाद कँडेल

### *१. हाम्रा लोकबाजाहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एनपिटिसी लिमिटेड; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारू; आवरण-नवीन्द्र राजभण्डारी र गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

नेपाली लोकबाजाबारे जानकारी दिने कृति । शीर्षक-शङ्ख, सारङ्गी, झुर्मा, नरसिङ्गा, रोइला खैँजडी, ताः, थुन्दर, सनई, पुँगी, टुङ्ना, यलम्बर, बानो, मुरली, काङ्लिङ्, एकतारे, डम्बा, ककुवय्, नगरा, बालनखैँजडी, उर्न्हे डोङमेज, शिखर, तुरही (तुरई), सिङ्गा, मन्द्रा, के (च्याम्ब्रुङ), ढोल, ढोलकी, धाः, नाय्खिं, टयाम्को, ढयाङ्ग्रो, हुड्को, च्योदर, दमाहा, चाँप, गोल्की, मुर्चुङ्गा, बिनायो, मसक, सोरठी मादल, पालुवा, डफली, फामुक, पुङ, शृङ्गीनाद, इर्लुङ पिपरी, डक्कारी, तमौरा, झर्रा, छ्याला, हृङ, ढमकेन, छ्योन्डा, किङ्गरुवा, बयलघण्ट, गोपाल डन्डी, थनौरो, मादल र च्याम्रङ । बालबोध शृङ्खलाअन्तर्गतको ५१ औँ प्रकाशन । यस कृतिमा नेपालका विभिन्न ६० थरिका लोकबाजाको चित्रसहित सङ्क्षिप्त परिचय दिइएको छ । कृति उपयोगी छ । प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिए पनि यो पुस्तक सबैका लागि उपयोगी देखिन्छ ।

## रूपा

### *१. गरेर हेरौँ*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५४ फागुन; दोस्रो संस्करण-२०६१ पुस, पृष्ठ-२४+४=२८, मूल्य-रु.१५।-; चित्र-युवक श्रेष्ठ ।

यस कृतिमा विज्ञानसम्बन्धी चौबीस प्रयोगबारे जानकारी दिइएको छ । आफ्ना वरिपरिका विभिन्न वस्तुबारे यथार्थ जानकारीका लागि यो कृति उपयोगी रहेको छ । यसले बालबालिकामा वैज्ञानिक दृष्टि-चेतको विकासमा पनि मद्दत पुऱ्याउँछ ।

### *२. गरेर हेरौँ (भाग-२)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६२ भदौ, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-युवक श्रेष्ठ ।

यो कृति पनि **गरेर हेरौँ**को पहिलो भागकै निरन्तरता हो । यस कृतिमा पनि विज्ञानसम्बन्धी चौबीस प्रयोगबारे जानकारी दिइएको छ । आफ्ना वरिपरिका विभिन्न वस्तुबारे यथार्थ जानकारीका लागि यो कृति उपयोगी रहेको छ । यसले बालबालिकामा वैज्ञानिक दृष्टि-चेतको विकासमा पनि मद्दत पुऱ्याउँछ ।

## लेखनाथ पौडचाल

### *१. शिशुबोधिनी (भाग-२)*

प्रकाशक-गोरखा ग्रन्थ प्रचारक मण्डली, बनारस, भारत; मुद्रक-निर्भय सागर प्रेस, बम्बई, भारत; पहिलो संस्करण-१९६८, पृष्ठ-३०, मूल्य-अनुल्लिखित; चित्र-? ।

बालपाठ्य ।

## लैनसिंह बाङ्गदेल

### *१. बाल चित्रकला*

प्रकाशक-बाल सखा दल नेपाल, न्यू रोड, काठमाडौँ; मुद्रक-नेपाल टूडे प्रेस, पाको, नेपाल; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-८, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

बालबालिकाले बनाउने चित्रको महत्त्व दर्शाउँदै लेखिएको निबन्धात्मक रचना । लेखकीय र प्रकाशकीय नभएको । लेखकको नामपछाडि 'प्यारिस' लेखिएको हुनाले यो पुस्तक वाङ्देलले पेरिसमा नै लेखेर पठाएको र पेरिसमै हुँदा छापिएको भन्ने अड्कल गर्न सकिन्छ । त्यस हिसाबले यो पुस्तकको प्रकाशन २०११/१२ तिर नै वा त्यसभन्दा अघि भएको हुनुपर्छ । बाल चित्रकलाबारे लेखिएको सम्भवतः यो पहिलो कृति हो ।

## विमललाल श्रेष्ठ

### *१. चमेरो*

प्रकाशक-प्राथमिक शिक्षा परियोजना, भक्तपुर; मुद्रक-?; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-१९+१=२०, मूल्य-अनुल्लिखित; चित्र-धीरेशकुमार दाहाल ।

चमेराको बारेमा जानकारी दिने बालपुस्तक। **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची,** पृ. ५ का आधारमा।

## विश्वम्भर चञ्चल

### *१. के कसरी बन्छ ?*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-अविन्द्रमान श्रेष्ठ; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह।

सात शीर्षकमा विभिन्न रचना। शीर्षक-लालमोहन र रसवरी, सेल र डोनट, नुडल र तयारी चाउचाउ, 'जाम, जेली र मार्मलेड', चिया र चिनी, केक र पाउरोटी, ठन्डा बरफ र आइसक्रिम। बालबोध शृङ्खलाअन्तर्गतको १७ औँ प्रकाशन। बालबालिकाले मन पराउने विभिन्न खाद्यवस्तुहरूको उत्पादन, विशेषता र तिनबाट हाम्रो स्वास्थ्यलाई पर्ने असरलगायतका विषयमा यस कृतिले राम्रो जानकारी दिन्छ। यसको विशेषताचाहिँ यसको प्रस्तुति हो। कथात्मक तरिकाले संवादका माध्यमबाट अत्यन्त मीठो भाषाशैलीमा यसको रचना गरिएको छ। विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिए पनि अरूका लागि पनि यो कृति उपयोगी देखिन्छ।

### *२. हाम्रा सम्पदा*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ जेठ, पृष्ठ-२६+६=३२, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई; सम्पादन-गोरखबहादुर सिंह।

केही प्राकृतिक तथा धार्मिक सम्पदाबारे जानकारीमूलक सामग्री। शीर्षक-मनको इच्छा पुऱ्याउने देवी (मनकामना), दामोदर कुण्ड, सबभन्दा गहिरो ताल, कपिलवस्तु सङ्ग्रहालय, अर्जुनधारा जलेश्वरधाम, कठै यो सिन्धुलीगढी दरबार, अन्धाअन्धी गुफा, बर्दिया राष्ट्रिय निकुञ्ज, पूर्वकी जालपादेवी। बालबोध शृङ्खलाअन्तर्गतको २४ औँ प्रकाशन भनिए पनि डा.छविलाल गजुरेलको **हाम्रा प्राविधिक सम्पदा** बालबोध शृङ्खलाअन्तर्गतको २४ औँ प्रकाशनका रूपमा प्रकाशित भइसकेको। यो पुस्तक वास्तवमा बालबोध शृङ्खलाअन्तर्गतको २७ औँ प्रकाशन। यस कृतिमा नेपालका प्राकृतिक तथा धार्मिक सम्पदाबारे लेखिएका

नौ सामग्री सङ्कलित छन् । बालबालिकाको स्तरसुहाउँदो भाषा र सहज शैलीका कारण पनि कृति महत्त्वपूर्ण देखिन्छ । विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिए पनि यो कृति अरूका लागि पनि उपयोगी देखिन्छ ।

## शान्तदास

### *१. पानीको कथा*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५८ कात्तिक, पृष्ठ-२८, मूल्य-रु.२५।-; फोटो-इन्द्रनारायण मानन्धर ।

पानी मानवीय आवश्यकता हो । यससँग मानिसको घनिष्ठ सम्बन्ध छ । यस कृतिले त्यही पानीबारे थुप्रै कुरा जानकारी दिन्छ । कृतिमा सूचनामूलक सामग्री प्रशस्त छ । अत्यन्त उपयोगी यस कृतिको भाषा सरल र सरस देखिन्छ ।

### *२. सचित्र शब्द पुस्तक (सम्पा.)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-१५+१=१६, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

यस कृतिमा नेपाली, नेवारी र अङ्ग्रेजी तीन भाषाको शब्दबारे जानकारी चित्रसहित जानकारी दिइएको छ । सानासाना बालबालिकाका लागि पुस्तक तयार गरिएको हो ।

## शाश्वत पराजुली

### *१. म आफैं गर्न सक्छु*

प्रकाशक-रूम टु रीड; मुद्रक- एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र (फोटो)-राजभाइ सुवाल; सम्पादन-भिक्टर प्रधान; भाषा- नेपाली र अङ्ग्रेजी; अङ्ग्रेजी नाम-I Can do it By Myself.

यस पुस्तकले बालबालिकालाई सानातिना हल्का कामहरू आफैं गर्नुपर्छ भन्ने शिक्षा र उत्प्रेरणा दुवै दिन्छ । प्रकाशकीयमा भनिएको छ-“यस किताबमा सात-आठ वर्षका भाइबहिनीहरूले गर्न सक्ने हल्का कामहरूका केही नमुना

दिइएका छन् ।...आफ्नो काम आफैँले गर्न सकिन्छ र गर्नुपर्छ तथा आफूले सक्ने सानातिना कामहरू गरिदिएर परिवारलाई सघाउन पनि सकिन्छ भन्ने भावना जगाउन र आत्मविश्वास बढाउन हामीले यो किताब प्रकाशित गरेका हौँ ।"

## शिल्पी प्रधान

### *१. को भन्दा को छिटो ?*

प्रकाशक-रूम टु रीड; मुद्रक- एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२४, मूल्य-अनुल्लिखत; चित्र-किशोर जोशी; सम्पादन-भिक्टर प्रधान ।

यो पुस्तक पूर्वप्राथमिक र प्राथमिक कक्षाका विद्यार्थीका लागि तयार गरिएको हो । पुस्तकले बालबालिकालाई जनावर चिनाउनुका साथै कुन जनावर ढिलो हिँड्छ र कुन जनावर बढी कुद्न सक्छ भन्ने जानकारी पनि दिन्छ ।

### *२. को सबैभन्दा बुद्धिमान् ?*

प्रकाशक-रूम टु रीड; मुद्रक- एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-१६, मूल्य-अनुल्लिखत; चित्र-किशोर जोशी; सम्पादन-भिक्टर प्रधान ।

यस पुस्तकले बालबालिकालाई मानिस नै संसारका सबैभन्दा बुद्धि भएका जीव हुन् भन्ने ज्ञानका साथै कुन जीवको भन्दा कुन जीवको बुद्धि बढी हुन्छ भन्ने जानकारी दिन्छ । प्राथमिक तहका विद्यालयका बालबालिकाका लागि यो पुस्तक तयार पारिएको हो ।

## शिल्पी प्रधान र प्रेमा बिष्ट

### *१. आऊ गनौँ १,२,३...*

प्रकाशक-रूम टु रीड; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-राजबाबु शाक्य 'शारब'; सम्पादन-भिक्टर प्रधान ।

एकदेखि दससम्म गन्ती सिकाउने पुस्तक । यो पुस्तक पढ्न सुरु गर्न लागेका शिशुहरूका लागि तयार गरिएको पुस्तक हो । यस पुस्तकले केटाकेटीलाई गन्ती गर्ने सङ्ख्या रमाइलोसित सिकाउँछ ।

## २. रङ

प्रकाशक-रूम टु रीड; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-राजबाबु शाक्य 'शारब'; सम्पादन-भिक्टर प्रधान ।

पूर्वप्राथमिक तहका विद्यालयका बालबालिकाका लागि तयार पारिएको यस पुस्तकले रङहरूका बारेमा जानकारी दिन्छ । दुई रङ मिसिएर बनेको रङमा कुन-कुन रङ मिसिएको हुन्छ भन्ने जानकारी पनि यसमा पाइन्छ । साथै पुस्तकले उनीहरूले चिने-जानेका वस्तुहरूको चित्र पनि हेर्न पाउँछन् ।

## **श्यामकृष्ण गौतम** र **कलाधर शर्मा (पं.)**

### *१. सहायक प्रवेशिका (भाग २)*

प्रकाशक-म्याकमिलन एन्ड कम्पनी लिमिटेड, कलकत्ता, भारत; मुद्रक-जी.पी.बेस्ट एट द आई.एस.एस.डी. प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण-?; दोस्रो संस्करण-२००६, पृष्ठ-४०+४=४४, मूल्य-सात आना (भारु); चित्र-अनुल्लिखित; सम्पादन-नेपाली भाषानुवाद परिषद् ।

चौध रचना । शीर्षक-ऋषि, माघे जात्रा, घोडा, तेलो, राम, बाँदर र उसको मालिक, श्री ५ महाराजाधिराज, उडुकुसी, द्यौसी, दशैँ, लाटोकोसेरो, गाउँखाने, हँस्सी खेल, कुमाले । 'श्री मे.क.पुष्कर शमशेर ज.ब.रा.को अध्यक्षतामा नेपाली भाषानुवाद-परिषद्द्वारा सम्पादित, श्री प्रकाशक-गो.द.बा.मे.क.बालकृष्ण शमशेर ज.ब.रा.को प्रबन्धमा' भनिएको । विभिन्न गद्य रचना ।

"यी सहायक प्रवेशिका भाग १ देखि ७ मा साह्रै सजिला वाक्यबाट उठान गरेर क्रमैसँग पौराणिक, ऐतिहासिक र वैज्ञानिक कथाहरू हालिएका छन् । यहाँका लेखहरू पं.श्यामकृष्ण गौतम बी.ए. र पं.कलाधर शर्माले लेखेका तथा सङ्कलन गरेका हुन् ।" (पुष्कर शमशेर, *प्रस्तावना)*

"..पढ्नामा बालकको मन लागोस् भन्ने उद्देश्यले नै यो पुस्तक तयार भएको हो । यसमा किसिम किसिमका विषय छन् । पढ्नेको मन बहलाओस् भन्नाको निम्ति चित्र पनि प्रशस्त दिएको छ ।...श्री डा.ज.सु.मा.ने.ता., सु.प्रकाशक-गो.द.बा., मे.ज.मृगेन्द्र शमशेर ज.ब.रा.का मर्जीमुताबिक यो संस्करणमा धेरै विषयहरू थपिएका छन् । तिनका लेखकचाहिँ साहित्यशास्त्री धर्मशास्त्राचार्य बदरीनाथ भट्टराई र श्यामदास वैष्णव हुन् ।" (पुष्कर शमशेर, *दोस्रो संस्करणको भूमिका)*

### *२. सहायक प्रवेशिका (भाग ३)*

प्रकाशक-म्याकमिलन एन्ड कम्पनी लिमिटेड, कलकत्ता, भारत; मुद्रक-जी.पी.बेस्ट एट द आई.एस.एस.डी. प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण-?; दोस्रो संस्करण-२००६, पृष्ठ-४८+४=५२, मूल्य-साढे सात आना (भारु); चित्र-अनुल्लिखित; सम्पादन-नेपाली भाषानुवाद परिषद् ।

अठार रचना । शीर्षक-ध्रुव, वाल्मीकि, गौतमबुद्ध, सोम शर्माको बाबु, चित्रग्रीव र हिरण्यक, श्री ३ महाराज, सवालजवाफ, नकली कृष्ण, अकबर र बीरबल, बिस्केट, महाराज जङ्गबहादुरको चाल, आँठीकासा, सुदामा, नयाँ खेल, नरेन्द्रदेव, नपढी पण्डित, के रूखको मुख हुन्छ ?, मानदेव । 'श्री मे.क.पुष्कर शमशेर ज.ब.रा.को अध्यक्षतामा नेपाली भाषानुवाद-परिषद्द्वारा सम्पादित, श्री प्रकाशक-गो.द.बा.मे.क.बालकृष्ण शमशेर ज.ब.रा.को प्रबन्धमा' भनिएको । विभिन्न गद्य रचना ।

### *३. सहायक प्रवेशिका (भाग ६)*

प्रकाशक-म्याकमिलन एन्ड कम्पनी लिमिटेड, कलकत्ता, भारत; मुद्रक-जी.पी.बेस्ट एट द आई.एस.एस.डी. प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण-?; दोस्रो संस्करण-२००७, पृष्ठ-७९+५=८४, मूल्य-बाह्र आना (भारु); चित्र-अनुल्लिखित; सम्पादन-नेपाली भाषानुवाद परिषद् ।

सत्र रचना । शीर्षक-कुश, स्वामी शंकराचार्य, आर्किमीडीज, समय, मुकुन्दसेन, घंटाघर, खाएको कसरी पच्छ ?, स्कूल, मर्म-वाक्य, चिठी, पास हुने जन्त्र, भैंचालो, एकलव्य, रानीपोखरी, रबर, इन्साफ, डाक्टर । 'श्री मे.क.पुष्कर शमशेर ज.ब.रा.को अध्यक्षतामा नेपाली भाषानुवाद-परिषद्द्वारा सम्पादित, श्री प्रकाशक-गो.द.बा.मे.क.बालकृष्ण शमशेर ज.ब.रा.को प्रबन्धमा' भनिएको । विभिन्न गद्य रचना । भाग-१, ४, ५ र ७ फेला नपरेको ।

## सत्यमोहन जोशी

### *१. केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य; आवरण-गौतम मानन्धर ।

विभिन्न छ सामग्री । सामग्रीहरूमा तलेजुको गगनचुम्बी देवता, पाटनको कृष्णमन्दिर, हिरण्यवर्ग महाविहार, विष्णुविक्रान्तको अनुपम मूर्ति, अशोक स्तम्भ, श्वेत चैत्य समावेश । बालबोध शृङ्खलाअन्तर्गतको ३६ औँ प्रकाशन । प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिएको यस पुस्तकमा नेपालका छ नमुना कलाकृतिबारे जानकारी दिने उपयोगी सामग्री सङ्गृहीत छन् । सम्बन्धित विज्ञबाट लेखिएका हुनाले यो कृति उत्तिकै तथ्यपरक पनि छ । सरल भाषाका माध्यमबाट लेखकले ती कलाकृतिबारे जानकारी दिएका छन् । कृति अन्य उमेरसमूहका बालबालिकाका लागि पनि उपयोगी छ ।

## सविना श्रेष्ठ र गेहेन्द्र अमात्य

### *१. हाम्रा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एनपिटिसी लिमिटेड; पहिलो संस्करण-२०६२, पृष्ठ-४०+४=४४, मूल्य-अनुल्लिखित; चित्र-गङ्गाधर शारू; आवरण-नवीन्द्र राजभण्डारी र गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

सोह्र सामग्री । शीर्षक-शाही चितवन राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, लामटाङ राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज, शाही बर्दिया राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, मकालु-वरुण राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज, शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष, कोसीटप्पु वन्यजन्तु आरक्ष, पर्सा वन्यजन्तु आरक्ष, ढोरपाटन वन्यजन्तु आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, कञ्चनजङ्घा संरक्षण क्षेत्र र मनासलु संरक्षण क्षेत्र । बालबोध शृङ्खलाअन्तर्गतको ५२ औँ प्रकाशन । यस सङ्ग्रहमा शीर्षकअनुरूप नै नौ निकुञ्ज, चार आरक्ष र तीन संरक्षण क्षेत्र गरी सोह्रको चित्रसहित राम्रो परिचय दिइएको छ । कृति जानकारीमूलक रहेको छ । आफ्नो देशको प्राकृतिक सम्पदा र स्रोतबारे यसले अत्यन्त राम्ररी जानकारी दिन्छ । प्रांथमिक तहका विद्यार्थीका लागि तयार गरिए पनि यो कृति सबैका लागि उपयोगी छ ।

## सिद्धिराज जोशी

### *१. नवरत्न परिचय*

प्रकाशक-सिद्धिराज जोशी, सिलगढी, डोटी; मुद्रक-हितचिन्तक प्रेस, रामघाट, काशी, भारत; पहिलो संस्करण-?; चौथो-२००३, पृष्ठ-८८, मूल्य-अनुल्लिखित ।

बालपाठ्यपुस्तक । **मदन पुरस्कार पुस्तकालय**मा ४३१२ नं. मा दर्ता भएको ।

## सुनीता मालाकार

### *१. हाम्रो बानी राम्रो बानी*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-जनक शिक्षा सामग्री केन्द्र लि. (एजुकेसन प्रेस); पहिलो संस्करण-२०४३, पृष्ठ-१४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

यस पुस्तिकामा स्वास्थ्यसम्बन्धी जानकारीमूलक सामग्री छन् । विशेषत: पूर्वप्राथमिक र प्राथमिक तहका बालबालिकालाई यो पुस्तिका उपयोगी देखिन्छ ।

## सौरभकिरण श्रेष्ठ

### *१. हाम्रा बालअधिकार (सम्पा.)*

प्रकाशक-हातेमालो सञ्चार, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०६२, पृष्ठ-२४, मूल्य-अनुल्लिखित; चित्र-सुनकेस्रा (मासिक बालपत्रिका) ।

यस पुस्तकमा बालबालिकालाई बालअधिकारबारे जानकारी गराउने विविध सामग्री राखिएका छन् । यो कृति नेवारीमा पनि प्रकाशित छ । कृति उपयोगी छ ।

## हरिप्रसाद (डा.)

### *१. केही गुणकारी बोटविरूवाहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२४+४=२८, मूल्य-अनुल्लिखित; चित्र-गौतम मानन्धर; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-जयप्रसाद लम्साल ।

विभिन्न दस उपयोगी विरूवाबारे जानकारी दिने सामग्री । शीर्षक-अमला, अपामार्ग, असुरो, चिनीलहरो, जटामसी, टिमुर, तुलसी, नीम, ब्राह्मी, बेल । बालबोध शृङ्खलाअन्तर्गतको ४१ औँ प्रकाशन । बोटविरुवाको आफ्नै किसिमको महत्त्व छ । कतिपय बोटविरुवा स्वास्थ्यका लागि पनि उपयोगी हुन्छन् तर

त्यसबारे हाम्रो ज्ञानको कमीले त्यसको महत्त्व ओझेलमा परेको हुन्छ। यस कृतिले त्यस्तै दस उपयोगी विरुवाको महत्त्वबारे बालबालिकालाई जानकारी दिन्छ। सामग्री सरल भाषामा तयार गरिएको छ। कृति प्राथमिक तहका विद्यार्थीका लागि तयार गरिएको भए पनि अरूका लागि पनि उपयोगी देखिन्छ।

## लेखक अनुल्लिखित

### *१. नेपाली शिक्षा (पहिलो भाग)*

प्रकाशक-नेपाली भाषा प्रकाशिनी समिति; मुद्रक-जोरगणेश प्रेस, नेपाल; संस्करण-२०१७, पृष्ठ-६४+४=६८, मूल्य-रु.-।५० पैसा; चित्र-अनुल्लिखित।

सातवटा पद्य तथा बाँकी सबै गद्य गरी कुल सत्ताइस रचना। शीर्षक-ईश्वरस्तुति, एकदिनको पाठ, न्याउरी मारी पछुतो, रामलाल, विद्या, दरबार स्कूल, समय, उपकारी खेल, माहुरी र बारूलो, बानर, आकाशको दृश्य, सूर्य र चार दिशा, सच्चा बालक, अर्ती, लोभ, दया, व्याधा र परेवा, प्रतिध्वनि (घन्काइ), झूटो बोल्नाले हानि, गाई, बुद्धिमान् हात्ती, जरायो, पिता, वार, दसैं, तिहार, बीस उपदेश। सम्पादकीय र प्रकाशकीय नभएको। यो बालपाठ्यपुस्तकका रूपमा तयार पारिएको कृति हो।

### *२. केटाकेटीको रक्षा*

प्रकाशक-शिक्षा तथा संस्कृति मन्त्रालय, प्रौढ शिक्षा शाखा; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४९, पृष्ठ-३४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित।

यस पुस्तकमा स्वास्थ्यबारे जानकारी दिने सामग्री राखिएका छन्। पुस्तकमा अन्य विवरण केही छैन।